दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २३१ | बुटवल | २०८३ भदौ १७ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday September 02, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

### बाढीको एक हप्तापछि सरकारले भन्यो :

# सुरुङमा फसेकाको एक्लै उद्धार गर्न सकेनौं

**बाढीका कारण करिब १६ लाख मानिस प्रभावित भएका छन् । सरकारले जलविद्युत् आयोजनामा फसेकाहरूको खोज तथा उद्धारका लागि एकद्वार प्रणालीबाट काम गरिरहेको भन्दै सम्बन्धित आयोजना कम्पनीलाई उद्धारमा प्रत्यक्ष संलग्न हुन दिएको थिएन ।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

सुरुङमा फसेका जलविद्युत् आयोजनाका कर्मचारी तथा कामदारहरूको जीवन बचाउने सम्भावना क्षीण हुँदै बाढी गएको सातौं दिन बल्ल सरकारले आयोजनाका लगानीकर्ता/सञ्चालकलाई उद्धारको अनुमति दिएको छ । अनुमति पाएपछि आयोजना प्रवर्द्धक कम्पनीहरू प्राविधिक टोली र आवश्यक उपकरणसहित फसेका तथा सम्पर्कविहीन भएकाहरूको खोज तथा उद्धारमा परिचालन हुने भएका छन् ।

यसअघि सरकारले जलविद्युत् आयोजनामा फसेकाहरूको खोज तथा उद्धारका लागि एकद्वार प्रणालीबाट काम गरिरहेको भन्दै सरकारले सम्बन्धित आयोजनाका कम्पनीलाई उद्धारमा प्रत्यक्ष संलग्न हुन दिएको थिएन । नेपाली सेनाको नेतृत्वमा खोज तथा उद्धारको प्रयास भइरहेको थियो । तर, नेपाली सेनाको टोलीले सात दिनसम्म सुरुङमा फसेकाहरुको उद्धार गर्न सकेको छैन ।

सात दिनसम्मको प्रयासबाट अपेक्षित उपलब्धि हासिल हुन नसकेपछि सरकारले सम्बन्धित आयोजनाका कम्पनीलाई समेत प्राविधिक जनशक्ति र आवश्यक उपकरणसहित खोज तथा उद्धारमा खटिन भनेको हो ।

नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेतका अनुसार दुईवटा जलविद्युत् परियोजनाका सुरुङको भित्रसम्म पसेर उद्धार प्रयास गर्दा केही फेला पार्न नसकेकाले सम्बन्धित आयोजना कम्पनीहरुलाई पनि प्रयास गर्न आग्रह गरिएको छ । 'हाम्रो उद्धार टोली ती आयोजना स्थलबाट हिजो फर्कियो, आजको सबै अपडेट मैले लिन पाएको छैन,' सैनिक प्रवक्ता बस्नेतले भने- 'हामीले छाड्यौं, तपाईंहरु मात्रै गर्नुहोस् भनेको चाहिँ होइन ।'

अनुमति पाएपछि विभिन्न जलविद्युत् आयोजना प्रवर्द्धक तथा निर्माण कम्पनीहरूले आवश्यक प्राविधिक जनशक्ति र उपकरणको व्यवस्थापन थालेका छन् । लाङटाङ जलविद्युत् आयोजनाले पनि बाढी र पहिरोले पुरिएको आयोजनास्थलमा आफ्नै प्राविधिक टोली तथा आवश्यक उपकरण लिएर जाने तयारी थालेको जानकारी दिएको छ । सरकारले आयोजनाको प्राविधिक टोलीलाई उद्धार तथा खोजी कार्यमा संलग्न गराउने गरी बाटो खुला गरेको आयोजना प्रवर्द्धक विजयमान भट्टराईले जानकारी दिए ।

'नेपाली सेनाले सो आयोजनाको सुरुङमा १०० मिटरसम्म गएर हेऱ्यो, त्यसपछि हामी जान सक्दैनौं, तपाईंहरूको प्राविधिक मान्छे लगाएर काम अघि बढाउनुस् भनेर उहाँहरूले भन्नुभएको छ ।'- भट्टराईले भने ।

सरकारले नेपाली सेनामार्फत् उद्धारको काम गरिरहेको अवस्थामा आयोजनाका प्राविधिक जनशक्तिलाई प्रत्यक्ष रूपमा परिचालन गर्न नदिइएको उनको भनाइ छ । तर, अहिले सरकारी संयन्त्र र आयोजनाको टोलीबीच समन्वय गरेर काम अघि बढाउने अवस्था बनेको उनले बताए ।

'हाम्रो प्राविधिक टिम त चाहिने नै थियो, पहिला पनि चाहिने थियो । त्यो भइराखेको छ । अब हाम्रो तर्फबाट पनि समन्वय हुनुपर्छ,' उनले भने-'उहाँहरूको पनि त्यहाँ हेलिकप्टर जाँदैन, गाडीहरू जाँदैनन् । लिफ्टिङ लगायतका सामानको उपलब्धता उहाँहरूले गर्नुपर्छ । त्यसैले हाम्रो पनि समन्वयमा काम अघि बढाउने भन्नेमा छौं ।'

यसअघि अपनाइएको उद्धारको तरिकाबाट अपेक्षित परिणाम नआएपछि अब नयाँ ढंगबाट अघि बढ्नुपर्ने अवस्था आएको हो । 'पहिलाको तरिकाले भएन । त्यसैले अब त्यसैमा लागिरहेका छौं ।'- उनले भने । आयोजनाको टोली अहिले काठमाडौंमा आवश्यक उपकरण तथा सामग्री जुटाउने काममा लागेको छ । आवश्यक प्राविधिक सामग्री र उपकरण खरिद तथा व्यवस्थापन गरेपछि टोली आयोजनास्थलतर्फ जाने तयारीमा रहेको उनले बताए । 'काठमाडौं आएर अब के-के सामान लिएर जाने भनेर खरिद गर्दैछौं । अब हामी जान्छौं, सामानहरू लिएर सुरु गर्छौं ।'- भट्टराईले भने ।

यस्तै, माथिल्लो त्रिशूली-१ निर्माण गरिरहेको नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनी (एनडब्लूईडीसी) ले पनि आवश्यक प्राविधिक जनशक्ति र उपकरण व्यवस्थापन थालेको छ । बाढीपछि आयोजनास्थलमा रहेका केही व्यक्ति सम्पर्कविहीन बनेपछि कम्पनीले सुरुदेखि नै आफ्ना प्राविधिक टोली परिचालन गर्न खोजेको थियो । तर, सरकारले एकद्वार प्रणालीबाट नेपाली सेनामार्फत उद्धारको काम भइरहेको भन्दै कम्पनीलाई प्रत्यक्ष रूपमा खोज तथा उद्धारमा जान दिएको थिएन ।

अब भने कम्पनीहरूलाई आफ्नै प्राविधिक क्षमता, उपकरण र जनशक्ति प्रयोग गरेर खोज तथा उद्धारमा सहभागी हुन बाटो खुलेको छ । बाढी आएको सातौं दिनसम्म पनि आयोजनास्थलमा फसेका तथा सम्पर्कविहीन व्यक्तिहरूको अवस्था स्पष्ट हुन नसकेको अवस्थामा सरकारको पछिल्लो निर्णयले खोज तथा उद्धारलाई थप तीव्र बनाउने अपेक्षा गरिएको छ ।

भदौ १० गते आएको बाढीका कारण रसुवा र नुवाकोटका १२ वटा जलविद्युत आयोजनामा क्षति पुगेको छ ।

» बाँकी ३ पेजमा

## राष्ट्रियसभाबाट बाढीबारे विशेष प्रस्ताव पारित

बुटवल । राष्ट्रियसभाबाट रसुवा बाढीबारे विशेष प्रस्ताव पारित भएको छ । मंगलबार बसेको सभामा राष्ट्रियसभामा सभाका अध्यक्ष नारायण प्रसाद दाहालले विशेष प्रस्ताव प्रस्तुत गरेका थिए । जसलाई सभाले सर्वसम्मत रुपमा पारित गरेको हो ।

यही भदौ १० गते रसुवाको भोटेकोसीमा विनाशकारी बाढीका कारण ठूलो धनजनको क्षति भएको छ । उक्त बाढीमा परेर ज्यान गुमाएकाहरूप्रति राष्ट्रियसभाले श्रद्धाञ्जली अर्पण गरेको छ । शोकसन्तप्त परिवारजन, आफन्त तथा सम्बन्धित राष्ट्र र समुदायप्रति गहिरो समवेदना व्यक्त गरिएको छ ।

विशेष प्रस्तावमार्फत राष्ट्रियसभाले बाढी प्रभावितको उद्धार र राहतको विषयलाई प्राथमिकतामा राख्न सरकारको ध्यानाकर्षण गरेको छ । घाइतेहरूको निशुःल्क उपचार गराउन आग्रह गरिएको छ । वैज्ञानिक रुपमा शव व्यवस्थापन गर्न भनिएको छ । साथै भौतिक संरचनाको पुर्ननिर्माणका लागि तहगत सरकारहरूबीच समन्वय गर्न आग्रह गरिएको छ । स्थानीय समुदाय, नागरिक समाज, विकास साझेदार तथा अन्तराष्ट्रियलाई सहयोगका लागि अपिल गरिएको छ ।

विपद्को समयमा राष्ट्रिय एकता कायम गर्न र भविष्यमा आउन सक्ने यस्ता विपद्को पूर्वतयारीको काम अघि बढाउन आग्रह गरिएको छ । यस्तो आग्रहसहितको विशेष प्रस्ताव सभाध्यक्ष दाहालले सभामा पेस गरेका थिए । जसलाई सांसदहरूले सर्वसम्मतिले पारित गरेका हुन् । रसुवाको विनाशकारी बाढीपछि राष्ट्रिय सभामा सांसदहरूले खोजी, उद्धार र राहत वितरणबारे सरकारको ध्यानाकर्षण गराएका छन् ।

नरबहादुर विष्टले राहत वितरणमा एकद्धार प्रणालीले विपत्तिमा थप समस्या हुने भन्दै कडा निगरानी गरेर सुचारु गराउन आग्रह गरे ।

जयन्तीदेवी राईले प्रभावित क्षेत्रमा राहत पुऱ्याउन कठिन रहेको र महिला तथा बालबालिका बढी समस्यामा परेको बताइन् ।

सांसदहरूले रसुवामा गएको विनाशकारी बाढीपछिको अवस्थाबारे सरकारको ध्यानाकर्षण गरेका छन् । राष्ट्रियसभाको शून्य समयमा बोल्दै उनीहरूले सरकारले गरिरहेको खोजी, उद्धार र राहत वितरणको विषयमा सरकारको ध्यानाकर्षण गरेका हुन् ।

» बाँकी ३ पेजमा

## बाढीबाट १६ लाख मानिस प्रभावित

बुटवल । भदौ १० गते नेपाल-चीन सीमा नजिकै गएको हिमपहिरो र त्यसपछिको बाढीका कारण करिब १६ लाख मानिस प्रभावित भएको सरकारले सार्वजनिक गरेको पहिलो स्थिति प्रतिवेदनमा उल्लेख छ ।

बाढीबाट भोटेकोसी-त्रिशूली नदी करिडोरमा ठूलो मानवीय तथा भौतिक क्षति भएको जनाउँदै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मंगलबार यो प्रतिवेदन सार्वजनिक गरेको हो। प्रतिवेदनले रसुवा र नुवाकोटलाई अति प्रभावित जिल्लाको सूचीमा राखेको छ भने धादिङ, गोर्खा र चितवनलाई मध्यम रूपमा प्रभावित जिल्लामा सूचीकृत गरेको छ।

बाढीपहिरोमा परी हालसम्म ९८७ जनाको मृत्यु पुष्टि भएको प्राधिकरणले जनाएको छ । सबैभन्दा बढी मृत्यु चितवनमा ३२१ जनाको भएको छ भने नवलपरासी पूर्वमा २१६, नवलपरासी पश्चिममा १७०, नुवाकोटमा ९५, गोर्खामा ६५, धादिङमा ५५, तनहुँमा ३८ र रसुवामा २७ जनाको शव फेला परेको छ ।

देशका ६२ जिल्लाबाट जम्मा ३,९१६ जना बेपत्ता भएको विवरण प्राप्त भएको छ । बेपत्ता हुनेमध्ये ६२ प्रतिशत स्वदेशी पर्यटक तथा नेपालीसहितको समूह, १७ प्रतिशत सरकारी निकायका कर्मचारी र १५ प्रतिशत विदेशी नागरिक रहेका छन् ।

प्राधिकरणका अनुसार, विभिन्न उद्धार कार्यमार्फत् हालसम्म ११ हजार ८१४ जनाको सकुशल उद्धार भएको छ, जसमध्ये २५३ जना विदेशी नागरिक रहेका छन् । हवाई मार्गबाट मात्रै ३,७०२ जनाको उद्धार गरिएको छ भने ५७३ वटा हवाई उडान सञ्चालन भएका छन् । उद्धार कार्यमा नेपाली सेनाका ८,८९६, नेपाल प्रहरीका ७,९१२ र सशस्त्र प्रहरी बलका ४,२०३ गरी कुल २१,०११ सुरक्षाकर्मी खटिएका छन् । खोज तथा उद्धारमा भारत, चीन र दक्षिण कोरियाका अन्तर्राष्ट्रिय टोली पनि संयुक्त रूपमा परिचालन भएका छन् ।

विभिन्न स्वास्थ्य संस्थामा २७९ जना घाइतेको उपचार भएकोमा ७९ जना अझै उपचाररत छन्, १६८ जना डिस्चार्ज भइसकेका छन् र ३ जनाको उपचारका क्रममा मृत्यु भएको छ ।

» बाँकी ३ पेजमा

## सरकारले पशुवत व्यवहार गऱ्यो : पीडित

बुटवल । रसुवामा निर्माणाधीन २१६ मेगावाट क्षमताको अपर त्रिशूली-१ जलविद्युत आयोजनाको सुरुङमा सम्पर्कविहीन भएका कर्मचारी तथा प्राविधिकको उद्धारमा ढिलाइ भएको भन्दै आफन्तले गुनासो गरेका छन् ।

त्रिशूली-१ आयोजनामा सम्पर्कविहीन भएका प्राविधिक तथा कर्मचारीका आफन्तले आयोजनाको निर्माण कम्पनी नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीमा गएर उद्धारका लागि दबाब दिएका छन् । उनीहरूले बाढीको सातौं दिनमा मात्रै उद्धार सुरु गरेको छ । कम्पनीको कार्यालय पुगेको आफन्तमध्ये एक काँकडभिट्टाका कृष्ण खरेलले आयोजनामा फसेका नागरिकमाथि राज्य र निर्माण कम्पनीले पशुवत् व्यवहार गरेको आरोप लगाए ।

'अपर त्रिशूली-१ जलविद्युत् आयोजनामा कार्यरत कर्मचारी तथा प्राविधिकहरूमाथि पशुवत व्यवहार भइरहेको छ निर्माण कम्पनी र राज्यको तर्फबाट ।'- खरेलले भने । आयोजनाको कार्यालय बाढीले बगाएकाले सम्पर्कविहीन भएका कर्मचारीको यकीन तथ्यांक नरहेको जानकारी दिँदै निर्माण कम्पनीले संवेदनहीन व्यवहार गरेको उनको आरोप छ ।

आफन्तको खोजी आफैं गर्न खोज्दा सरकारले अनुमति नदिएको र सरकार स्वयंले समेत उद्धार नगरेको उनले गुनासो गरे । उद्धारका लागि हेलिकप्टर उपलब्ध नभएको जानकारी पाएपछि पीडितहरूले सोमबार साँझ कम्पनीको कार्यालयमा तोडफोड गर्नुपरेको उनको भनाइ छ । 'हामी आफैंले हराएका आफन्त खोज्छौं भन्दा अनुमति दिइएन । ६ वटा हेलिकप्टरसहित सगरमाथा उद्धार टोलीलाई अनुमति दिनको लागि हामी आफैंले आर्मीको चिफ र गृह मन्त्रालयका सचिवसँग कुरा गरेर यहाँ आइपुगेका हौं,' उनले भने-'आज बाढी गएको सातौं दिनमा भर्खर उद्धार कार्य सुरु गरेको छ ।' उनले हालसम्म सम्पर्कविहीन ८७ जनाको सूची पाएको बताए । त्यसमध्ये ४३ जना भित्रै रहेको कुरा आएको उनले जनाए । 'टनेलभित्र ठूलो ढुंगाले रोकेको छ भनिएको छ । त्यसकारण प्राविधिक टोली खटाउनुपऱ्यो। अहिले हामीले जेनेरेटरको व्यवस्था गर्दै छौं,' खरेलले भने-'यति सानो सानो कुरा पनि सरकारले हेरेको छैन, मान्छे मरिरहेका छन् ।'

सरकारले मंगलबार मात्र जलविद्युत् निर्माण कम्पनीहरूलाई उद्धारको अनुमति दिएको छ। रसुवा, नुवाकोट र धादिङमा निर्माणाधीन विभिन्न जलविद्युत् आयोजनामा करिब नौ सय जना सम्पर्कविहीन छन् ।

## कृष्णभीर पहिरो खुल्न अझै १५ दिन लाग्ने



बुटवल । पृथ्वी राजमार्गअन्तर्गत कृष्णभीर पहिरोले अवरुद्ध बनाएको सडक सञ्चालनमा ल्याउन अझै कम्तीमा १५ दिन लाग्ने भएको छ ।

भोटेकोसीमा आएको बाढीका कारण त्रिशूली नदीमा पानीको बहाव बढेपछि कृष्णभीर क्षेत्रमा सडकको तल्लो भाग कटान भई राजमार्ग अवरुद्ध भएको छ । सडक विभागले अवरुद्ध सडक १५ दिनभित्र सञ्चालन ल्याउनेगरी तयारी गरेको जनाएको छ ।

विभागले प्राविधिक तथा भौगर्भिक विज्ञसहितको टोली कृष्णभीरमा परिचालन गरेको छ । पहिरोले कटान गरेको सडकको स्थलगत अनुगमनपछि सडक विभागका सहसचिव चुणाराज ढकालले बाढीका ठूलो बहावका कारण सडकको तल्लो भाग कटान भएको र माथिल्लो भूभागमा समेत चिरा परेकोले पहिरो खसेको बताए ।

राजमार्गलाई उच्च प्राथमिकतामा राखेर तत्काल सुचारु गर्नेगरी काम अघि बढाइने उनले बताए । विज्ञहरूको टोलीबाट प्राविधिक राय लिएर सम्भव भएसम्म १० देखि १५ दिनमा राजमार्ग खुलाउने प्रयत्न गर्ने उनको भनाइ छ ।

'यो राजमार्ग नेपालकै लाइफलाइन भएको हुनाले यसलाई हाम्रो उच्च प्राथमिकता दिएर तत्काल गर्नुपर्ने सबै कदम चाल्छौं,' उनले भने-'सबै विज्ञहरूको टिम बनाएर उहाँहरूको राय अनुसार र विभागको सम्पूर्ण टिम बसेर निर्णय गरेर सकेसम्म हामी १० देखि १५ दिनमा खुलाउन प्रयत्न हुन्छ ।'

» बाँकी ३ पेजमा

सिद्धार्थ पब्लिकेशन(प्रा.लि.)द्वारा प्रकाशित
विश्वसनीय समाचारको
विश्वासिलो साथी
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
अनलाइन संस्करण lumbinipatrika.com
स्वतन्त्र र निष्पक्ष
जनताको लोकप्रिय पत्रिका
निजी क्षेत्रबाट निरन्तर प्रकाशित नेपालको राष्ट्रिय दैनिक 'दैनिक लुम्बिनी'
सत्य, तथ्य र विश्वसनीय समाचारको माध्यमबाट जनअपेक्षी समाज र समृद्ध राष्ट्र निर्माणमा समर्पित ।
स्वतन्त्र
कुनै पनि राजनीतिक वा आर्थिक स्वार्थबाट स्वतन्त्र रही सत्यको पक्षमा ।
निष्पक्ष
सबै पक्षलाई समान दृष्टिले हेर्ने निष्पक्ष र वस्तुनिष्ठ पत्रकारिता ।
जनताको लोकप्रिय
जनतासँग नजिक, जनताको कुरा उठाउने, जनविश्वासको प्रतिक ।
तथ्यपरक समाचार, गहन विश्लेषण र सशक्त सम्पादकीयका साथ
तपाईंको भरोसा, हाम्रो प्रतिबद्धता
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार
गहन विश्लेषण र अनुसन्धान
समाज, अर्थतन्त्र, राजनीति, शिक्षा, स्वास्थ्य र खेलकुद
फोटो समाचार र विशेष रिपोर्ट
विचार, सम्पादकीय र साहित्य
सम्पर्क | ०७१-५३०६४०, ५३७६४० | WWW.lumbininews@gmail.com | बुटवल-११, माझगाउँ रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# ढिलोगरी खुलेका आँखा

रसुवा बाढीको सातापछि बल्ल सरकारको आँखा खुलेको छ । सुरूङमा फसेका कर्मचारी तथा कामदारहरूको जीवन बचाउने सम्भावना न्यून रहँदै गएपछि बाढी गएको सातौं दिन बल्ल सरकारले आयोजना प्रवर्द्धकलाई उद्धारको अनुमति दिएको छ । अनुमति पाएपछि आयोजना प्रवर्द्धक कम्पनीहरू प्राविधिक टोली र आवश्यक उपकरणसहित फसेका तथा सम्पर्कविहीन भएकाहरूको खोज तथा उद्धारमा परिचालन हुने भएका छन् । भारत र चीनले आवश्यक प्राविधिक सहयोग गर्ने प्रतिबद्धता जनाउँदा पनि बेवास्ता गरेको सरकारले यहाँ कार्यरत चिनियाँ निर्माण कम्पनीले आफ्नै पहलमा चिनियाँ सुरुङ विज्ञ ल्याउन स्वीकृति दिन पनि ढिलाइ गर्‍यो ।

उद्धार र राहतको काममा नेपाली सेनाले मात्रै भरथेग गर्‍यो । नेपाली सेनाका आफ्नै सीमा छन् भन्ने हेक्का सरकारलाई भएन् । राहत वितरणको लागि प्रदेश र स्थानीय तह विना संभव छैन भन्ने हेक्का बाढीको पाँचौं दिनमा मात्रै प्रधानमन्त्रीले अनुभूति गरे । सातौं दिनमा बल्ल सरकार एक्लैले जटिल खालको उद्धार गर्न सक्तैन भन्ने निष्कर्ष निकालेर आयोजना कम्पनीलाई सहभागी गराइएको छ । बाढीको भोलीपल्ट नै आयोजना कम्पनीलाई समेत उद्द्धारमा सहभागी गराउन सकेको भए अहिलेभन्दा राम्रो उद्धार हुन सक्थ्यो । विपतमा एक्लै कुदेर कही पुगिन्न, सामूहिक भावना र एकताबाटै सामना गर्न सकिन्छ भन्ने चेत पलाउन एकसाता लाग्यो ।

भदौ १० गते आएको बाढीका कारण रसुवा र नुवाकोटका १२ वटा जलविद्युत् आयोजनामा क्षति पुगेको छ। अझै पनि ८९४ जना कर्मचारी तथा श्रमिकहरू सम्पर्कविहिन छन् । रसुवामा एनडब्लूईडीसीले निर्माण गरिरहेको २१६ मेगावाटको माथिल्लो त्रिशुली-१ मा अझै पनि ५७३ जना सम्पर्कविहीन छन् । त्यस्तै १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजनामा ९३ जना कर्मचारी तथा श्रमिक सम्पर्कविहिन छन् । नेपाली सेनाले जलविद्युत् आयोजनाको भूमिगत विद्युत् गृहभित्र खोजतलास गर्दा कोही पनि नभेटिएको जनाएको थियो । तर, त्यही बेला ड्युटीमा रहेका तीन जना कर्मचारी भने सम्पर्कविहीन नै रहेको कम्पनीले जनाएको छ ।

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका उद्धारकर्ता पनि भोकप्यास नभनी निरन्तर खटिरहेका छन् । उनीहरुको खटाई प्रशंसनीय छ । सुरुङ उद्धारमा उनीहरुको क्षमता विकास भइसकेको छैन, त्यसमा सम्बन्धित क्षेत्रमा काम गरेका उद्धारकर्ता आवश्यक पर्छ भन्ने हेक्का चाही शासकमा हुनुपर्छ । विवेकी शासकले नै यस्तो वस्तुस्थिति विश्लेषण गरी योजना निर्माण र कार्यान्वयन गर्न सक्छ । नेपाली सेनामार्फत् उद्धारको काम गरिरहेको भन्दै सरकारले आयोजनाका प्राविधिक जनशक्तिलाई प्रत्यक्ष रूपमा परिचालन गर्न दिएन् । के नेपाली सेनाले गरेको काममा अरु आवश्यक नपर्ने हो ? उद्धारमा गरेको यो खेलाँची हो । यो बेला सकेसम्म बेपत्ता भएकाका जीवितै उद्दार गर्ने, संभव नभए लाश बटुल्ने कामबाट चुक्नुहुन्न । सुरूङ उद्धार जस्तो जटिल काममा बहुपक्षीय सहयोग अस्विकार गर्नु सरकारको गल्ती हो ।

# रसुवा बाढीले दिएको चेतावनी : विपत्तिको पीडाबाट बदलिनुपर्ने राष्ट्रिय बाटो



काजी कार्की

अबको नेतृत्वले विपत्तिपछि राहत बाँड्ने मात्र होइन, विपत्ति आउनुअघि नै जोखिम घटाउने राज्य निर्माण गर्नुपर्छ। हरियाली जोगाउने, नदी प्रणालीको प्राकृतिक अस्तित्वलाई सम्मान गर्ने, वैज्ञानिक र सुरक्षित पूर्वाधार निर्माण गर्ने, आधुनिक प्रविधिको विवेकपूर्ण प्रयोग गर्ने तथा सुरक्षा निकायलाई विपद् उद्धारका लागि थप सक्षम र विशिष्टीकृत बनाउनेतर्फ राज्य अघि बढ्नुपर्छ।

पछिल्ला पाँच दिनमा हामीले जे देख्यौं, त्यो केवल एउटा प्राकृतिक विपत्तिको दृश्य होइन, नेपाली समाज र राज्यका लागि गम्भीर चेतावनी पनि हो। यस्ता कहर हामीले विगतदेखि कुनै न कुनै रूपमा भोग्दै आएका छौं । तर रसुवामा आएको बाढी र त्यसले निम्त्याएको क्षति एउटा महाविपत्ति हो, जसको सामना कुनै व्यक्ति, संस्था वा सरकार एक्लैले गर्न सक्ने अवस्था छैन ।

वर्षाको सामान्य क्रमसमेत नदेखिएको अवस्थामा अचानक आएको बाढीले ठूलो जनधनको क्षति गराएको छ । यसले मुलुकलाई फेरि एकपटक गहिरो शोक, पीडा र चिन्तामा डुबाएको छ । यस्तो अवस्थामा सबै नेपाली एकजुट भएर विपत्तिको सामना गर्नुको विकल्प छैन । छिमेकी राष्ट्र, अन्तर्राष्ट्रिय समुदाय तथा दातृ निकायसँग आवश्यक सहयोगका लागि अपिल गर्न पनि हामी हिच्किचाउनु हुँदैन ।

सरकारको उपस्थिति कति भयो वा भएन भन्ने विषयमा समीक्षा र बहस पछि पनि गर्न सकिन्छ । अहिलेको पहिलो प्राथमिकता भनेको हराइरहेकाहरूको खोजी, उद्धार र जीवित नागरिकको सुरक्षा हो । विपत्तिमा परेका मानिसलाई सुरक्षित स्थानमा ल्याउने, तत्काल खाद्यान्न, पानी, औषधि र आवासको व्यवस्था गर्ने काम युद्धस्तरमा अघि बढ्नुपर्छ । उद्धार गरिएका नागरिक भोक, चिसो वा रोगका कारण थप जोखिममा पर्ने अवस्था आउन दिनु हुँदैन ।

त्यसैगरी, मृत्यु भएकाहरूको शव व्यवस्थापनमा पनि ढिलाइ गर्नु हुँदैन । विपत्तिपछि स्वास्थ्य तथा सरसफाइसम्बन्धी अर्को संकट उत्पन्न हुन सक्छ । त्यसैले एउटा विपत्तिले अर्को महाविपत्ति निम्त्याउने अवस्था सिर्जना हुन नदिन राज्य संयन्त्र विशेष रूपमा सचेत हुनुपर्छ ।

यो शोकको घडीमा संवेदनशीलता, सहकार्य र मानवीयता सबैभन्दा ठूलो शक्ति हो । कति मानिस बेपत्ता छन्, कति घाइते छन्, कति अझै उद्धारको प्रतीक्षामा छन् यी प्रश्नको उत्तर खोज्ने काम निरन्तर अघि बढ्नुपर्छ । हरेक नागरिकले अर्को नागरिकको दुःखलाई आफ्नो दुःख ठानेर सहयोग गर्ने बेला यही हो । एकता, सहकार्य, समन्वय र सहकारितालाई व्यवहारमै जीवित राख्दै 'वसुधैव कुटुम्बकम्'को भावनालाई आत्मसात् गर्न आवश्यक छ ।

नेपालले यस्ता अकल्पनीय विपत्ति पटक-पटक भोग्दै आएको छ। २०६५ साल भदौ २ गतेको कोशी विपत्तिदेखि विभिन्न समयमा आएका बाढी, पहिरो र भूकम्पसम्मका घटनाले हामीलाई धेरै पाठ सिकाएका छन् । तर विडम्बना के छ भने, हामीले ती घटनाबाट पर्याप्त पाठ सिकेर आफ्नो कार्यशैली र विकासको मोडेल परिवर्तन गर्न सकेका छैनौँ ।

जलवायु परिवर्तनको जिम्मेवारीमा नेपालको योगदान नगण्य छ, तर त्यसको असर भोग्ने देशमध्ये नेपाल अग्रपंक्तिमा छ । हिमाली क्षेत्रमा भइरहेको तीव्र वातावरणीय परिवर्तन, हिमनदी पग्लिने क्रम, अनियमित वर्षा र अचानक आउने बाढी यसका गम्भीर संकेत हुन् । विकसित राष्ट्रहरूको अत्यधिक कार्बन उत्सर्जनको मूल्य नेपालजस्ता कमजोर र संवेदनशील मुलुकले चुकाइरहेका छन् । त्यसैले जलवायु न्यायको विषयलाई नेपालले अन्तर्राष्ट्रिय मञ्चमा अझ सशक्त रूपमा उठाउनुपर्छ ।

प्रश्न उठ्छ विश्वव्यापी औद्योगिक प्रतिस्पर्धा र अत्यधिक कार्बन उत्सर्जनमा न्यूनतम भूमिका भएका गरिब राष्ट्रहरूले नै किन सबैभन्दा ठूलो मूल्य चुकाउनुपर्ने ? यसको जवाफ विश्व समुदायले दिनुपर्छ ।

तर दोष अरूको मात्रै देखाएर हामी आफ्नो जिम्मेवारीबाट उम्किन पनि सक्दैनौँ। हामी आफैँ पनि अब गम्भीर रूपमा सचेत हुनुपर्ने बेला आएको छ । भोटेकोसी क्षेत्रमा गत वर्ष असोजमा भएको ठूलो जनधनको क्षतिले समेत हामीलाई जोखिमका स्पष्ट संकेत दिइसकेको थियो । तर अव्यवस्थित बस्ती, कमजोर पूर्वतयारी र प्रकृतिमाथिको निरन्तर हस्तक्षेप रोक्न नसक्दा जोखिम झन् बढ्दै गएको छ ।

अब 'डोजरे विकास'को नाममा वातावरण र भूगोलको विनाश गर्ने प्रवृत्तिमाथि पूर्णविराम लगाउनुपर्छ। वैज्ञानिक अध्ययनबिनाको सडक निर्माण, नदीको प्राकृतिक बहावमाथिको अतिक्रमण, अव्यवस्थित पूर्वाधार र वातावरणीय प्रभावलाई बेवास्ता गर्ने विकास मोडेलले भविष्यमा अझ ठूलो संकट निम्त्याउन सक्छ ।

त्यसैले अबको विकास नीति प्रकृतिसँगको सहअस्तित्वमा आधारित हुनुपर्छ। जोखिमयुक्त बस्तीको पहिचान, प्रभावकारी पूर्वसूचना प्रणाली, सुरक्षित पूर्वाधार, आपत्कालीन उद्धार संयन्त्र र स्थानीय तहसम्म सक्षम विपद् व्यवस्थापन संरचना निर्माण गर्नुपर्छ ।

केही विद्यालयका बालबालिका कठिन परिस्थितिमा पनि सुरक्षित रहन सफल भएका घटनाले हामीलाई एउटा महत्वपूर्ण पाठ दिएका छन् सही पूर्वतयारी र सचेतनाले जीवन बचाउन सक्छ । यही पाठलाई राष्ट्रिय विपद् व्यवस्थापन नीतिको आधार बनाउनुपर्छ । अबको नेतृत्वले विपत्तिपछि राहत बाँड्ने मात्र होइन, विपत्ति आउनुअघि नै जोखिम घटाउने राज्य निर्माण गर्नुपर्छ । हरियाली जोगाउने, नदी प्रणालीको प्राकृतिक अस्तित्वलाई सम्मान गर्ने, वैज्ञानिक र सुरक्षित पूर्वाधार निर्माण गर्ने, आधुनिक प्रविधिको विवेकपूर्ण प्रयोग गर्ने तथा सुरक्षा निकायलाई विपद् उद्धारका लागि थप सक्षम र विशिष्टीकृत बनाउनेतर्फ राज्य अघि बढ्नुपर्छ । रसुवाको यो महाविपत्ति केवल आजको दुःख होइन, भोलिको नेपाल कस्तो बनाउने भन्ने गम्भीर प्रश्न पनि हो । अब पनि नचेतेर हामी प्रकृतिलाई चुनौती दिइरह्यौँ भने आगामी पुस्ताले यसको अझ ठूलो मूल्य चुकाउनुपर्नेछ ।

विपत्तिमा राहत मात्र होइन, दीर्घकालीन तयारी चाहिन्छ ।

अब हामीले प्रकृतिसँग लड्ने होइन, प्रकृतिसँग मिलेर बाँच्ने विकासको बाटो रोज्नुपर्छ ।

घटना र विचारबााट

# पर्यटकीय गन्तव्यको प्रवर्द्धनमा पदमार्ग निर्माण



प्रकाश डोटेल
*स्याङ्जा*

स्याङ्जाका पर्यटकीय गन्तव्यको प्रवर्द्धन स्वरुप झण्डै चार किलोमिटर पदमार्ग निर्माण गरिएको छ । गत आर्थिक वर्ष २०८२/८३ मा झण्डै १७ वटा योजनामार्फत् पर्यटकीय गन्तव्यको प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले तीन किलोमिटर ६ सय मिटर पदमार्ग निर्माण गरिएको हो ।

पर्यटकीय गन्तव्यमा पुग्ने आन्तरिक र बाह्य पर्यटकलाई लक्षित गर्दै गएको वर्ष झण्डै एक करोडको लागतमा कंक्रिट ढलान, कटिङ्ग छपनी ढुङ्गा, सुक्का छपनी र स्थानीय ढुङ्गाको प्रयोगबाट पदमार्ग निर्माण भएको छ । ऐतिहासिक, पुरातात्विक, धार्मिक महत्वका स्थल र जिल्लाका प्रमुख पर्यटकीय केन्द्रमा पहुँचमार्ग पुऱ्याउन पदमार्ग निर्माण गरिएको एकीकृत सेवा कार्यालयले जनाएको छ ।

झण्डै एक करोडको लागतमा चार किलोमिटर दुरीको पदमार्ग निर्माण गरिको सेवा कार्यालयका प्रमुख जीवन पौडेलले जनाए । जिल्लाका दर्जनौ पर्यटकीय गन्तव्यमध्ये डेढ दर्जन केन्द्रमा पदमार्ग निर्माण भएको छ । पदमार्ग निर्माणसँगै पर्यटकीय केन्द्रमा आउजाउ गर्ने पर्यटकलाई सहज भएको कार्यालय प्रमुख पौडेलले बताए । जिल्लाका प्रमुख पर्यटकीय गन्तव्य पञ्चमूलको सिरुबारी, पुलतीबजारको चण्डीस्थान, भालुपहाड, वालिङको गह्रौसुर, बाहुनथान, भीकारेटको स्वरेक, गडहरेगुफा, चापाकोटको रामडाँडा, मनकामना मन्दिर, कालीगण्कडी आसपासका स्थलमा पदमार्ग, पार्क र पूर्वाधार निर्माण गरिएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार पदमार्ग, पार्क र पूर्वाधार निर्माणसँगै स्तरोन्नतिपछि पर्यटकीय गन्तव्यमा पर्यटकको आकर्षण बढ्दै गएको छ ।

सेवा कार्यालयअन्तर्गत पर्यटन तथा उद्योग शाखामार्फत होमस्टे पूर्वाधार निर्माणमा एक, पर्यटकीय पूर्वाधार तथा पार्क निर्माणमा १६, पदमार्ग निर्माणमा १७ र मठमन्दिर, मस्जिद, गुम्बा ममर्त तथा स्तरोन्नतिमा ६० गरी ९३ योजना निर्माण भएका छन् । त्यस्तै सामाजिक विकास शाखातर्फ खेलमैदान निर्माणका १७, मन्दिर निर्माण तथा मर्मतका २६ र विद्यालय-सामुदायिक भवन निर्माण तथा स्तरोन्नतिका ७६ गरी ११९ योजना निर्माण भएको कार्यालयले जनाएको छ ।

गएकै वर्ष कार्यालयले चालु र पुँजीगत गरी १६ करोड ४७ लाख १३ हजार रुपैयाँमध्ये ११ करोड ९४ लाख ४७ हजार रुपैयाँ खर्च गर्दै झण्डै ७३ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । सामाजिक विकासतर्फ ८ करोड ९१ लाख २३ हजार रुपैयाँमध्ये ६ करोड ६४ लाख ९१ हजार रुपैयाँ खर्च गरेको कार्यालयले पर्यटन तथा उद्योगतर्फको ७ करोड ५५ लाख ९० हजार रुपैयाँमा पाँच करोड २९ लाख ५६ हजार खर्च गर्दै समग्रमा झण्डै ७३ प्रतिशत वित्तीय प्रगति हासिल गरेको कार्यालयका लेखाप्रमुख विनोद शर्मा मरासिनीले जानकारी दिएका छन् ।

त्यस्तै कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा करिब ८८ प्रतिशत भौतिक प्रगति हासिल भएको जनाएको छ । कुल २४१ योजनामध्ये २१२ वटा योजना निर्माण गर्दै ८८ प्रतिशत भौतिक प्रगति गरेको हो । सामाजिक विकासका १३६ योजनामध्ये ११९ योजना कार्यान्वयन गरेको कार्यालयले पर्यटनतर्फका १०५ योजनामध्ये ९३ योजना कार्यान्वयन गरी ८८ प्रतिशत भौतिक प्रगति हासिल गरेको कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार गत वर्ष पर्यटनतर्फका १२ र सामाजिक विकासका १७ गरी २९ वटा योजना कार्यान्वयन हुन् सकेन् । योजना परेका स्थानमा जग्गा विवाद, अनावश्यक योजना छनोट र ठेगाना एकिन नभएका योजना कार्यान्वयनमा लैजान नसकिएको कार्यालयले जनाएको छ । योजना कार्यान्वयनमा लैजान नसक्दा झण्डै चार करोड ५२ लाख ६५ हजार खर्च नभएको कार्यालयका पर्यटन तथा उद्योग शाखाका प्रमुख कृष्ण लम्सालले जानकारी दिए ।

# युनाइटेड लुम्बिनी युथ सोसाइटीद्वारा राहत अभियान सञ्चालन




भैरहवा । रसुवा लगायतका बाढीपीडितहरूको राहत व्यवस्थापनका लागि युनाइटेड लुम्बिनी युथ सोसाइटीले पर्यटकीय केन्द्र लुम्बिनीबाट अभियान चलाएको छ ।

बुद्ध जन्मस्थल लुम्बिनी स्थित गेट नम्बर ५ अगाडिबाट राहत संकलन अभियान सञ्चालन गरिएको हो । संस्थाका अध्यक्ष शिखर पन्त, सचिव कृष्ण मगर सूर्यवंशी र प्रवक्ता अमित प्रसाद भट्टराईलगायतकका दर्जनबढि युवाहरु लुम्बिनी क्षेत्रमा खटिएर खाद्यान्न, लत्ताकपडा तथा अन्य अत्यावश्यक राहत सामग्रीहरू निरन्तर संकलन गरिरहेको छन् । यस्तै नगद सहयोग गर्न चाहने वैदेशिक तथा स्थानीय दाताहरूका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको आधिकारिक खातामा रकम जम्मा गर्ने व्यवस्था समेत संस्थाले मिलाइएको छ।

सामाजिक उत्तरदायित्व वहन गर्दै लुम्बिनीलाई मुख्य थलो बनाएर सामाजिक क्षेत्रमा सक्रिय गैर-नाफामूलक संस्था युनाइटेडले विपद्बाट प्रभावितहरूका लागि यो अभियानलाई तीव्रता दिदै लुम्बिनी क्षेत्रमा यस प्रकृतिको राहत संकलन अभियान पहिलो र एक मात्र भएको आयोजकहरूले बताएका छन् । विदेशी पर्यटकहरूको बाक्लो उपस्थिति रहने पर्यटकीय क्षेत्र लुम्बिनीको मर्मलाई ध्यानमा राख्दै आयोजकहरूले फरक र सिर्जनशील शैली अपनाएका छन् । अन्तर्राष्ट्रिय पर्यटकहरूलाई पनि अभियानबारे सजिलै बुझाउन र उनीहरूलाई यस परोपकारी कार्यमा जोड्न चिनियाँ, थाई, भियतनामी लगायतका बहुभाषी पर्चा-पम्प्लेटहरू तयार पारेर संकलन कार्यलाई अगाडि बढाएका छन् । यसैगरी, पारदर्शितालाई ध्यानमा राख्दै संस्थाले कोषको आधिकारिक क्यूआर कोडलाई भियतनामी, चिनियाँ र अंग्रेजी भाषामा अनुवाद गरी लुम्बिनीस्थित शान्ति दीप परिसरमा ब्यानरसहित प्रचारप्रसार गरिरहेको छ भने अन्य दाताहरूबाट खाद्यान्न र भौतिक सामग्रीहरू संकलन भइरहेको छ ।

अभियानअन्तर्गत पहिलो चरणको राहत सामग्री संकलन पछि बुधबाा प्रभावित क्षेत्रतर्फ पठाउन तयारी गरिएको अध्यक्ष शिखर पन्तले जानकारी दिए । प्रभावित क्षेत्रमा खाद्यान्नका साथै कपडा, टेन्ट, भाँडाकुडा जस्ता प्राथमिक आवश्यकताका सामग्री र केही औषधीहरु संकलनमा विशेष जोड दिइएको छ । यसका साथै, बाढीका कारण सञ्चार र विद्युत् अवरुद्ध भएका क्षेत्रका नागरिकहरूलाई ध्यानमा राख्दै मोबाइल चार्ज गर्ने वैकल्पिक व्यवस्था तथा अन्य सञ्चार साधन उपलब्ध गराउनेतर्फ पनि संस्थाले पहल अगाडि बढाएको छ । संकलित सामग्रीलाई पूर्ण रूपमा पारदर्शी ढंगले सही ठाउँमा पुऱ्याउन रूपन्देही जिल्ला प्रशासन कार्यालय, स्थानीय निकाय तथा नेपाली सेनासँग आवश्यक समन्वय गरी प्रभावित क्षेत्रमै पुगेर प्रत्यक्ष वितरण गर्ने योजना संस्थाले बनाएको छ ।

२०७६ सालमा स्थापना भएको सोसाइटीले स्थापनाकालदेखि नै विभिन्न स्वयंसेवी तथा सामाजिक कार्यहरू गर्दै आएको छ । कोभिड-१९ को कठिन समयमा परेको असरका बाबजुद संस्थाले गत बैशाख पूर्णिमामा लुम्बिनीमा भव्य सांस्कृतिक कार्यक्रम आयोजना गर्नुका साथै स्थानीयस्तरका सामाजिक गतिविधिमा निरन्तर योगदान पुऱ्याउँदै आएको छ ।

# नारायणीमा भेटिएका १७० मध्ये ६८ शवको व्यवस्थापन

परासी । नारायणी नदीमा हालसम्म १७० वटा शव फेला परेका छन् । तीमध्ये ६८ शवको व्यवस्थापन भइसकेको छ भने चार शवको सनाखत भएको छ। ९८ शव अझै बाँकी रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । डिएनए संकलनगरी ६८ वटा शवको सुरक्षित रुपमा जमिनमुनी व्यवस्थापन गरिएको जानकारी गराईएको छ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले शव व्यवस्थापनको स्थल, शव पहिचानकालागि अपनाइएको प्रक्रिया, शवको सुरक्षा, आफन्तहरुसंगको समन्वय र सहजीकरणका बारेमा जानकारी लिएका छन् । सुनवलनगरलिका स्थित एक सामुदायिक वनमा शव व्यवस्थापन गरेर राखिएको छ ।

सनाखत भएका व्यक्तिहरूमा गोरखाको पालुङटार नगरपालिका-७ की २८ वर्षीया सोमी कुमाल, धादिङको गजुरी गाउँपालिका-६ मिलानटारका ३५ वर्षीय प्रकाश ग्यामी मगर, काभ्रेको रोसी गाउँपालिका-९ घर भई नुवाकोटको विदुर नगरपालिका-१० बेत्रावती बजारमा होटल तथा किराना पसल सञ्चालन गर्दै आएका ३८ वर्षीय संखबुद्ध तामाङ र मकवानपुरको भीमफेदी गाउँपालिका-२ का २८ वर्षीय सविन राना रहेका छन् ।

त्यस्तै, अर्घाखाँचीको पाणिनी गाउँपालिका-७ का ४५ वर्षीय नारायणबहादुर थापा कब्दारको शव रसुवामा फेला परी पहिचान भएको र आफन्तले पोखराबाट बुझेर लगेको विवरणमा उल्लेख छ । पाल्पाको तानसेन नगरपालिका-१० सुनडाँडाका प्रहरी सहायक हवल्दार दिपेन्द्र बिष्टको शव पनि रसुवामा फेला परी सनाखत भएको र आफन्तले बुझेर सद्गद गरेको जनाइएको छ ।

नवलपरासी पश्चिमको सुस्ता गाउँपालिका-१ का ३७ वर्षीय यादव भण्डारीको शव पूर्वी नवलपरासीमा फेला परेको छ । बाँकेको कोहलपुर नगरपालिका-११ का २३ वर्षीय कबिरलाल चौधरीको शव पनि पूर्वी नवलपरासीमा फेला परेको र उनका दाजु सुग्रिव थारूले सनाखत गरी बुझेका छन् । सोही स्थानमा फेला परेको बाँकेकै कोहलपुर नगरपालिका-११ का २८ वर्षीय महेश थारूको शव उनका ससुरा कालिराम थारूले सनाखत गरी बुझेको विवरणमा उल्लेख छ ।

जिल्ला प्रशासन कार्यालयका अनुसार नारायणी नदीमा फेला परेका १७० शवमध्ये हालसम्म ६८ शवको व्यवस्थापन गरिएको छ । चार शवको सनाखत भएको छ भने ९८ शवको सनाखत तथा व्यवस्थापन हुन बाँकी रहेको छ ।

**सुरुङमा...**

अझै पनि ८९४ जना कर्मचारी तथा श्रमिकहरू सम्पर्कविहिन छन् । रसुवामा एनडब्लूईडीसीले निर्माण गरिरहेको २१६ मेगावाटको माथिल्लो त्रिशुली-१ मा अझै पनि ५७३ जना सम्पर्कविहीन छन् ।

त्यस्तै १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजनामा ९३ जना कर्मचारी तथा श्रमिक सम्पर्कविहिन छन् । नेपाली सेनाले जलविद्युत् आयोजनाको भूमिगत विद्युत गृहभित्र खोजतलास गर्दा कोही पनि नभेटिएको जनाएको थियो । तर, त्यही बेला ड्युटीमा रहेका तीन जना कर्मचारी भने सम्पर्कबिहिन नै रहेको कम्पनीले जनाएको छ ।

त्यस्तै २० मेगावाट क्षमताको लाङटाङ खोला जलविद्युत आयोजनाबाट ४१ जना सम्पर्कविहीन छन् । त्यस्तै नुवाकोटमा रहेको ६० मेगावाट क्षमताको माथिल्लो त्रिशूली-३ 'ए' आयोजनाका ४२ जना कर्मचारी तथा श्रमिक सम्पर्कविहीन छन् । सुरुङभित्र फसेकाहरूको उद्धारका लागि सोमबार पनि प्रयास जारी रहेपनि आयोजनाको भूमिगत विद्यूत् गृहभित्रबाट उद्धार टोलीले २४ घण्टा काम गरे पनि उद्धार गर्न सफलता मिलेन ।

सोमबार सुरुङको टनेल पोर्टल सफा गर्ने, पानी हटाउने तथा भित्र प्रवेश गर्न सकिने बाटो बनाउने काम भएको थियो । सुरुङभित्र पानी भरिएकाले उद्धार कार्य थप चुनौतीपूर्ण बनेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । सोमबार नेपाली सेनाको नेतृत्वमा इन्जिनियर तथा ड्रोन टोली सुरुङभित्र प्रवेश गरेर खोजीमा गएको थियो ।

**राष्ट्रियसभाबाट...**

नेपाली कम्युनिस्ट पार्टीका सांसद नरबहादुर विष्टले राहत वितरणमा एकद्धार प्रणाली नभन्न सरकारलाई सुझाव दिए । 'राज्यले राहत दिने विषयमा एकद्धार प्रणाली भनेको छ । विपत्तिको बेला एकद्धार प्रणालीले थप मान्छेलाई आक्रान्त बनाउँछ । त्यसैले कडा निगरानी गरेर राहत वितरणलाई सुचारु गराउन अनुरोध गर्न चाहन्छु ।'- उनले भने ।

साथै बेपत्ताको खोजी र उद्धारमा थप गम्भीर बन्न पनि उनले आग्रह गरे । नेकपाकी सांसद जयन्तीदेवी राईले प्रभावित क्षेत्रमा राहत पुर्याउन कठिन रहेको बताइन् ।

प्रभावित क्षेत्रका महिला र बालबालिका झन समस्यामा परेको भनेर सरकारको ध्यानाकर्षण गरिन् । नेपाली कांग्रेसका सांसद नाराणदत्त मिश्रले जलवायु परिवर्तनको कारण नेपालले दुःख भोग्नु परिरहेको बताए ।

साथै, बस्ती बसाल्दा र भौतिक संरचना निर्माण गर्दा तटीय क्षेत्रका निम्ति कडा नियम बनाउन आवश्यक रहेको उनले सुझाएका छन् । नेकपाकी सांसद मदनकुमारी शाह गरिमाले धनी र विकसित मुलुकले गरेको गलत कार्यले जलवायु परिवर्तन भएको र यसको असर नेपाल जस्ता मुलुकले भोग्नुपरेको बताइन् ।

**बाढीबाट ...**

नेपाली सेनाले प्रभावित क्षेत्रमा थप २,७४० जनालाई स्वास्थ्य उपचार प्रदान गरेको छ ।

बाढीले ४१ वटा पक्की पुल पूर्णरूपमा बगाएको छ भने थप ४ वटा पुलमा क्षति पुगेको छ । नुवाकोटमा मात्रै १,२६७ घर पूर्ण रूपमा र १,२५३ घर आंशिक रूपमा क्षतिग्रस्त भएको प्रारम्भिक विवरण छ । स्याटेलाइट म्यापिङअनुसार भोटेकोशी-त्रिशूली करिडोरको बाढी प्रभावित क्षेत्रमा ४,६८९ वटा भवन जोखिममा परेको प्रतिवेदनमा उल्लेख छ ।

रसुवाको अति प्रभावित गोसाइँकुण्ड र आमाछोदिङ्मो गाउँपालिकाका ३,७०२ घरधुरीका १४,४६१ नागरिक ६ दिनदेखि सडक, विद्युत् र सञ्चार सेवाबाट विच्छेद भई अलपत्र अवस्थामा छन् । रसुवाका सबै मुख्य राजमार्ग अनिश्चितकालका लागि बन्द छन् – उत्तरगया गाउँपालिका-५ खाल्टेस्थितत्रिशूली-मैलुङ-स्याफ्रुबेँसी सडकखण्ड पूर्ण रूपमा अवरुद्ध छ ।

नुवाकोटका टोखा-छहरे सडकखण्डको घट्टेखोलामा सम्भावित बाढी र पहिरोको जोखिमका कारण राति १० बजेदेखि बिहान ५ बजेसम्म यातायात रोकिएको छ । बेलकोटगढी-१० स्थित पासाङ ल्हामु सडकखण्ड पनि पूर्ण रूपमा अवरुद्ध छ । नेपाल टेलिकमका ११० वटा र एनसेलका ७८ वटा मोबाइल टावरमा क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ ।

रसुवागढी, रसुवा-भोटेकोशी, चिलिमे, लाङटाङ खोला, माथिल्लो त्रिशूली-२, माथिल्लो त्रिशूली-१, मैलुङ खोला, माथिल्लो त्रिशूली-३ए, माथिल्लो त्रिशूली-३बी, मध्य त्रिशूली गंगा नदी, त्रिशूली, देवीघाट र सुपर त्रिशूलीलगायतका जलविद्युत् आयोजनामा क्षति पुगेको छ। जलविद्युत् र सोलार गरी कुल ७८३.३८५ मेगावाट जडित क्षमताका आयोजनासँगै सबस्टेसन र ट्रान्समिसन लाइन पनि प्रभावित भएका छन् ।

रसुवा, नुवाकोट र धादिङका १९ वटा विद्यालयमा अध्ययनरत ६,९०१ विद्यार्थी प्रभावित भएका छन् । यीमध्ये ८ वटा विद्यालय पूर्ण रूपमा र ८ वटा आंशिक रूपमा क्षतिग्रस्त भएका छन् भने ३ वटा मात्र सुरक्षित छन् ।

रसुवाको स्याफ्रुबेँसी स्वास्थ्य चौकी, टिमुरे स्वास्थ्य चौकी, टिमुरे हेल्थ डेस्क (रसुवागढी) र मैलुङ सामुदायिक स्वास्थ्य एकाइ पूर्ण रूपमा ध्वस्त भएका छन्। गल्छीको बैरेनी अस्पताल र चरौँदी आधारभूत स्वास्थ्य सेवा केन्द्रमा आंशिक क्षति पुगेको छ ।

नुवाकोटको धुञ्चे र विदुरमा रहेका २ वटा फोहोरपानी प्रशोधन केन्द्र पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । विदुर खानेपानी आयोजनामा क्षति पुग्दा करिब ४.५ किलोमिटर पाइपलाइन र ३ वटा सम्प वेल बगेका छन्, जसबाट ४ हजार घरधुरी प्रभावित भएका छन् । त्रिशूली कोलोनी, देवीघाट र बेत्रावती खानेपानी आयोजना प्रभावित हुँदा थप ४६५ घरधुरीमा असर परेको छ ।

टिमुरे, स्याफ्रुबेँसी, मैलुङ र बन्दरेमा रहेका लाङटाङ राष्ट्रिय निकुञ्जका कार्यालय तथा भवन पूर्ण वा आंशिक रूपमा ध्वस्त भएका छन्। नुवाकोटस्थित कृषि विकास केन्द्र र टिमुरेस्थित प्लान्ट क्वारेन्टाइन कार्यालयमा पनि क्षति पुगेको छ ।

**कृष्णभीर...**

हाल वैकल्पिक रुट र स्थानीय सडक प्रयोग गरेर यातायात सञ्चालन गर्ने तयारी गरिएको उनले जानकारी दिए ।

सडक विभागले आगामी दिनमा नदी करिडोरमा निर्माण हुने राजमार्गलाई थप दिगो र विपद्-प्रतिरोधी बनाउने नीति आवश्यक रहेको जनाएको छ । विभागका सहसचिव ढकालले नदीको उच्च बहावको स्तरलाई ध्यानमा राखेर सडकको उचाइ बढाउने, वैकल्पिक लिंक तथा रुट विकास गर्ने, अग्ला पुल र आवश्यक ठाउँमा साना सुरुङ निर्माण गर्ने तथा प्राविधिक रूपमा सुरक्षित संरचना विकास गर्नुपर्ने बताए ।

उनका अनुसार सुरुआती लागत केही बढे पनि दीर्घकालीन रूपमा टिकाउ हुने प्रविधिमा आधारित राजमार्ग निर्माणलाई प्राथमिकता दिनुपर्ने आवश्यकता देखिएको छ ।

सडक विभागका भू-प्राविधिक विज्ञ मधुसुदन आचार्यले कृष्णभीरको पहिरो पुरानै 'स्लोप फेलियर' भएको क्षेत्रमा दोहोरिएको बताए । तत्काल सडक खुलाउन माथिल्लो भागको जोखिमयुक्त माटो तथा संरचना हटाएर सिंगल लेन डाइभर्सन निर्माण गर्न सकिने सम्भावना रहेको आचार्यले जनाए ।

तल्लो भागमा नदी कटान हाल रोकिएको प्रारम्भिक अध्ययनबाट देखिएको उनको भनाइ छ । ड्रोनबाट खिचिएको तस्बिरमा नदीको तल्लो भागमा बेडरक भेटिएको हुन सक्ने देखिएकाले हाललाई माथिबाट डाइभर्सन निर्माण गरेर सडक खोल्ने सम्भावना रहेको उनले बताए ।

नदीको कटान नियन्त्रण गर्न जिओब्याग, ग्याबिन नेट तथा बोल्डरलाई नेटले र्‍याप गरेर तल्लो भाग संरक्षण गर्ने प्रविधि प्रयोग गर्न सकिने उनको भनाइ छ । यस्तो संरचनाले नदीको कटान कम गरी विद्यमान स्लोपलाई थप भत्किनबाट जोगाउन सहयोग गर्नेछ ।

उनका अनुसार हाल सडक सञ्चालनमा ल्याउन करिब सय मिटर लम्बाई र १० देखि १५ मिटर उचाईको प्रभावित क्षेत्रबाट हजारौँ घनमिटर सामग्री हटाउनुपर्ने देखिन्छ । तीन-चार वटा मेसिन परिचालन गरी तीव्र गतिमा काम गर्न १५ दिनमा सडक सञ्चालनमा ल्याउन सकिने उनले बताए ।

उनले पहिरो पन्छाएर हाललाई सिंगल लेनको बाटो बनाउन सकिने बताए । सडकको भित्तो कटिङ गरेर केही माथिबाट सडक खुलाउन सकिने उनको भनाइ छ ।

## महत्वपूर्ण कागजात हराएको सूचना

प्रकाशित मितिः २०८३।०५।१७

जिल्ला गुल्मी, गुल्मीदरबार गा. पा. वडा नं. ७, घर भई हाल भारतीय सेनामा कार्यरत नायक शंकर थापा क्षेत्रीको नाममा रहेको परिचय पत्र ५२४९४००P को प्रमाण पत्र मिति २०८३/०५/१३ गते शनिबार साँझ अन्दाजी ५ः३० बजेको समयमा तिनपा ४, डिंगरनगरदेखि सिताराइस मिल हुँदै सुनौली जाने क्रममा उक्त प्रमाणपत्रसहित एटिएम कार्ड, सि. एस.डी. कार्ड लिक्वयर कार्ड एक साथ हराएको हुँदा फेला पार्नुहुने मानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।

निवेदकको नामः- विक्रम थापा
ठेगानाः तिनपा-४, रुपन्देही
आइडि कार्ड नं. :F913455
डि.ओ.आइ. 27 Dec 2016
सम्पर्क नम्बर :- ९८४७१८३९२८

## ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.बर्दघाट-७ को तपशिलका ऋणी सदस्यहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

( प्रकाशित मिति २०८३/०५/१७ गतेको दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा )

तपशिलका ऋणी सदस्यहरुले यस सहकारी संस्था बाट लिनु भएको ऋण रकम यस सहकारी संस्था संग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज भुक्तान नगरी, नबुझाई ऋण लिदा गरेको शर्त कबुलियत उल्लघंन गर्नु भएको र सहकारी बाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नुपर्ने सावाँ, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस ) दिन भित्रमा कर्जाको सम्पुर्ण सावाँ, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । उल्लेखित मिति भित्रमा सहकारी संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पुर्ण कर्जा , व्याज तथा हर्जाना समेत चुक्ता भुक्तान नभएमा वा बुझाएको भए त्यसको प्रमाण पेश गर्न हुन अनुरोध गरिन्छ । यस सहकारी संस्थालाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपशिल बमोजिमको चल/अचल सम्पती प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असुलउपर नभएमा तपाई ऋणी सदस्य तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्रीसम्पतीबाट वा अन्य प्रचलित कानुन बमोजिम कार्बाही गरी सहकारी संस्थाले आफ्नो लेना रकम अशुल उपर गर्ने प्रकृया अगाडी बढाइने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ ।

तपशिल

| क्र.स. | ऋणीको विवरण | धनजमानी दिने व्यक्तीको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १ | ऋणीको नाम : आशा थापा<br>पतिको नाम : कृष्ण बहादुर थापा<br>ससुराको नाम : खडक बहादुर थापा<br>ठेगाना : बर्दघाट-४, बाढिपिडित ,नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ५६५८६<br>जि.प्र.का. : नवलपरासी (स्याङजा)<br>जारी मिति : २०५७/०८/१४ | नाम : रुपा रायमाझी<br>पतिको नाम : नारायण बहादुर रायमाझी<br>ससुराको नाम : समर बहादुर रायमाझी<br>ठेगाना : बर्दघाट-६, विधुत , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ३६३०५५/५५१<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०६३/११/०६ | आशा थापा को नाममा भूमि प्रशासन कार्यालय परासी,नवलपरासी मा दर्ता रहेको साविक माकर वडा नं./नक्सा सिट नं. ४ ञ र ४ झ को कित्ता नं. ६४५ र ४१८ को क्षेत्रफल क्रमश ०-०-१०-० विघा र ०-०-१०-० विघा , साविक दाउन्ने देवी वडा नं. ५ क कित्ता नं. ११७० को क्षेत्रफल ०-०-११-२ विघा को जग्गा , सो ले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| २ | ऋणीको नाम : चम्पा देवी पौडेल<br>पतिको नाम : ईश्वर बहादुर पौडेल<br>ससुराको नाम : गोविन्द बहादुर पौडेल<br>ठेगाना : बर्दघाट-४, लक्ष्मीनगर , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ३८१०५२२९७<br>जि.प्र.का. : कपिलवस्तु<br>जारी मिति : २०६३/११/३० | नाम : ईश्वर बहादुर पौडेल<br>बाबुको नाम : गोविन्द बहादुर पौडेल<br>बाजेको नाम : नेत्र बहादुर पौडेल<br>ठेगाना : बर्दघाट-४,लक्ष्मीनगर, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : १७७४९<br>जि.प्र.का. : कपिलवस्तु<br>जारी मिति : २०५५/०२/०४ | चम्पा देवी पौडेल को नाममा भूमि प्रशासन कार्यालय परासी,नवलपरासीमा दर्ता रहेको साविक माकर वडा नं./नक्सा सिट नं. ४ घ कित्ता नं. ७७२ को क्षेत्रफल ०-०-१०-० विघा र सो मा बनेको घर र सो ले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| ३ | ऋणीको नाम : गेन बहादुर थारु चौधरी<br>बाबुको नाम : शिव नारायण थारु<br>बाजेको नाम : विक्का थारु<br>ठेगाना : बर्दघाट-५, बण्डा खोला, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ७६३८७<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०६१/११/१२ | नाम : भिम नारायण थारु<br>बाबुको नाम : शिव नारायण थारु<br>बाजेको नाम : विक्का थारु<br>ठेगाना : बर्दघाट-५,बण्डाखोला,नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ४/२०४०३<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०४६/०३/०७ | गेन बहादुर थारु चौधरी को नाममा भूमि प्रशासन कार्यालय परासी,नवलपरासीमा दर्ता रहेको साविक माकर वडा नं./नक्सा सिट नं. ९ ग कित्ता नं. १२२ को क्षेत्रफल ०-१-०-० विघा को जग्गा ,सो मा बनेको घर र सो ले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| ४ | नाम : राजेन्द्र कुमार यादव<br>बाबुको नाम : चन्द्रिका प्रसाद यादव<br>बाजेको नाम : मोहन यादव<br>ठेगाना : प्रतापपुर-२,सेमरी नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ३१६८४<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५२/०९/१७ | नाम : अजय कुमार यादव<br>बाबुको नाम : राजेन्द्र कुमार यादव<br>बाजेको नाम : चन्द्रिका प्रसाद यादव<br>ठेगाना प्रतापपुर-२,सेमरी नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ३६-०१-७२-०४०७८<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०७२/०७/२४<br><br>नाम : महेन्द्र श्रेष्ठ<br>बाबुको नाम : मोहन लाल श्रेष्ठ<br>बाजेको नाम : सुन्दर लाल श्रेष्ठ<br>ठेगाना प्रतापपुर-१,उच्मीटाडी नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ६६४३३<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५९/०९/१६ | राजेन्द्र कुमार यादव को नाममा भूमि प्रशासन कार्यालय परासी, नवलपरासीमा दर्ता रहेको साविक जमुनिया वडा नं./नक्सा सिट नं. २ क कित्ता नं. १८२२ को क्षेत्रफल ०-८-५-० विघा को जग्गा सो ले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| ५ | नाम : लाजवन्ती थारु<br>पतिको नाम : लक्ष्मण थारु<br>ससुराको नाम : शिव नारायण थारु<br>ठेगाना : बर्दघाट-७ जिमिरेभार नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.नं.: ३६-०१-७३-०२०२७<br>जि.प्र.का : नवलपरासी<br>जारी मिति : २०७३/०२/३२ | नाम : लक्ष्मण थारु<br>बाबुको नाम : शिव नारायण थारु<br>बाजेको नाम : दुखीराम थारु<br>ठेगाना : बर्दघाट-७ जिमिरेभार नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ३०९३६<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५२/०७/२७ | लाजवन्ती थारुको नाममा भूमि प्रशासन कार्यालय परासी, नवलपरासीमा दर्ता रहेको साविक माकर वडा नं./नक्सा सिट नं. १ ग कित्ता नं. १६९१ को क्षेत्रफल ०-०-६-० विघा को जग्गा ,सो ले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| ६ | नाम : कमला पाठक<br>पतिको नाम : दिपेन्द्र प्रसाद पाठक<br>ससुराको नाम : भुपराज पाठक<br>ठेगाना : बर्दघाट-१ पूर्नवास नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : २८९७<br>जि.प्र.का. : स्याङ्जा<br>जारी मिति : २०५८/०३/१० | नाम : दिपेन्द्र प्रसाद पाठक<br>बुबाको नाम : भुपराज पाठक<br>बाजेको नाम : दण्डपानी पाठक<br>ठेगाना : बर्दघाट-७ जिमिरेभार नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.नं.: ४७७८<br>जि.प्र.का : स्याङ्जा<br>जारी मिति : २०४८/०३/२७ | कमला पाठकको नाममा भूमि प्रशासन कार्यालय परासी,नवलपरासीमा दर्ता रहेको साविक माकर वडा नं./ नक्सा सिट नं. १ घ कित्ता नं. ४६८ को क्षेत्रफल ०-५-४-०.२५ बिघाको जग्गा ,सो ले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| ७ | नाम : रुकु कुमारी अधिकारी उपाध्याय<br>पतिको नाम : यमलाल न्यौपाने<br>ससुराको नाम : टिकाराम न्यौपाने<br>ठेगाना : बर्दघाट-१३ धनेवा नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ३३९०<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५७/०५/१४ | नाम : यमलाल न्यौपाने<br>बुबाको नाम : टिकाराम न्यौपाने<br>बाजेको नाम : तेज नारायण न्यौपाने<br>ठेगाना : बर्दघाट-१३ धनेवा नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.नं.: २०२६६<br>जि.प्र.का : नवलपरासी<br>जारी मिति : २०४५/११/०५ | सितामाया न्यौपानेको नाममा भूमि प्रशासन कार्यालय परासी,नवलपरासीमा दर्ता रहेको साविक जहदा वडा नं./ नक्सा सिट नं. ७ ङ कित्ता नं. १३७ को क्षेत्रफल ०-१२-० बिघाको जग्गा ,सो ले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| ८ | नाम : भिम बहादुर वि.क<br>बाबुको नाम : बल बहादुर वि.क<br>बाजेको नाम : रुपचन्द्र विश्वकर्मा<br>ठेगाना : बर्दघाट-१ पूर्नवास नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ११९०१<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०४९/०७/१९ | नाम : राजेन्द्र कुमार वि.क<br>बुबाको नाम : भिम बहादुर वि.क<br>बाजेको नाम : बल बहादुर वि.क<br>ठेगाना : बर्दघाट-१ पूर्नवास नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.नं.: ३६-०१-६९-०११६७<br>जि.प्र.का : नवलपरासी<br>जारी मिति : २०६९/०२/३१ | भिम बहादुर वि.क.को नाममा भूमि प्रशासन कार्यालय परासी,नवलपरासीमा दर्ता रहेको साविक माकर वडा नं./ नक्सा सिट नं. १ घ कित्ता नं. ८८१ को क्षेत्रफल ०-०-६ बिघाको जग्गा र सविता देवी वि.क. को नाममा भूमि प्रशासन कार्यालय परासी,नवलपरासीमा दर्ता रहेको साविक माकर वडा नं./ नक्सा सिट नं. १ घ कित्ता नं. ८८० को क्षेत्रफल ०-०-१०-० बिघाको जग्गा ,सो ले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| ९ | नाम : जमुना सुनार<br>पतिको नाम : कुमार सुनार<br>ससुराको नाम : कृष्ण बहादुर कामी<br>ठेगाना : बर्दघाट-१४ गंगावस्ति नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ३६-०१-७०-१५९४६<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०७०/१२/१७ | नाम : कुमार सुनार<br>बुबाको नाम : कृष्ण बहादुर कामी<br>बाजेको नाम : दुर्गा बहादुर कामी<br>ठेगाना : बर्दघाट-१४ गंगावस्ति नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.नं.: ३६३०५६/८८९<br>जि.प्र.का : नवलपरासी<br>जारी मिति : २०६३/१०/१७ | जमुना सुनारको नाममा भूमि प्रशासन कार्यालय परासी,नवलपरासीमा दर्ता रहेको साविक दाउन्नेदेवी वडा नं./नक्सा सिट नं. ९ क कित्ता नं. ३०२ को क्षेत्रफल ०-०-१०-० बिघाको जग्गा ,सो ले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| १० | नाम : दिप माया राना<br>पतिको नाम : लाल बहादुर राना<br>ससुराको नाम : दल बहादुर राना<br>ठेगाना : बर्दघाट-१०, ध्रुवटोल, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ३-१४८८/४९५<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०४६/०२/२२ | नाम : सुरज राना मगर<br>बाबुको नाम : लाल बहादुर राना<br>बाजेको नाम : दल बहादुर राना<br>ठेगाना : बर्दघाट-१०, ध्रुवटोल , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ८७९३६<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०६३/०३/१३ | लाल बहादुर रानाको नाममा भूमि प्रशासन कार्यालय परासी,नवलपरासीमा दर्ता रहेको साविक तिलकपुर वडा नं./नक्सा सिट नं. ३ घ कित्ता नं. ३०२ को क्षेत्रफल ०-१-७-० बिघाको जग्गा ,सो ले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| ११ | नाम : शान्ती श्रेष्ठ<br>पतिको नाम : शंकर कुमार श्रेष्ठ<br>ससुराको नाम : सन्तमान श्रेष्ठ<br>ठेगाना : बर्दघाट-९,शिवबस्ती नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ४३७२३<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५४/१०/०६ | नाम : शंकर कुमार श्रेष्ठ<br>बाबुको नाम :सन्तमान श्रेष्ठ<br>बाजेको नाम :गणेशमान श्रेष्ठ<br>ठेगाना : बर्दघाट-९,शिवबस्ती नवलपरासी(ब.सु.प.)<br>ना.प्र.प.न. : १८७६१<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५१/०८/१९ | शंकर कुमार श्रेष्ठको नाममा भूमि प्रशासन कार्यालय परासी,नवलपरासीमा दर्ता रहेको साविक पंचनगर वडा नं./नक्सा सिट नं.२ ख, कित्ता नं. ५१३ को क्षेत्रफल ०-०-१३-३ बिघाको जग्गा ,सो ले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| १२ | नाम : टिका कुमारी राना<br>पतिको नाम : लिला बहादुर मगर<br>ससुराको नाम : गगन बहादुर मगर<br>ठेगाना : बर्दघाट-८,भानुनगर नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : १४३८३<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०४५/०४/३१ | नाम : लिला बहादुर मगर<br>बाबुको नाम : गगन बहादुर मगर<br>बाजेको नाम डन्ड बहादुर पुन<br>ठेगाना : बर्दघाट-८,भानुनगर (ब.सु.प.)<br>ना.प्र.प.न. : ११६१३<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०४४/०५/२३ | कुल बहादुर बराल मगरको नाममा भूमि प्रशासन कार्यालय परासी,नवलपरासीमा दर्ता रहेको साविक पंचनगर वडा नं./नक्सा सिट नं.२ क, कित्ता नं. ५६०, ६४८ र ६५० को क्रमशः क्षेत्रफल ०-०-५-०.२५, ०-०-१३-०.७५ र ०-०-१-० बिघाको जग्गा ,सो ले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय भूमि व्यवस्थापन तथा अभिलेख विभाग, भूमि प्रशासन कार्यालय, अर्घाखाँची

## भूमि प्रशासन अर्घाखाँचीबाट बेपत्ते टिकाराम बुढाथोकी नाउँको जग्गा श्रेस्ता कायम सम्बन्धी विषयमा मिति २०८३/०४/२६ मा जारी भएको ३५ दिने सूचना।

प्रकाशित मिति २०८३।०५।१७

यस जिल्ला अर्घाखाँची साविक नरपानी गा.वि.स. वडा नं. ९ हाल सन्धिखर्क नगरपालिका वडा नं. ६ बस्ने श्यामजालीको नाती रविलालको छोरा बेपत्ते टिकाराम बुढाथोकीका नाममा रहेको जिल्ला अर्घाखाँची साविक नरपानी गा.वि.स. वडा नं. ९ मा दर्ता रहेको जग्गाधनी प्रमाणपूर्जा अनुसारको जग्गा श्रेस्ता कायम गरी पाउँ भनी निवेदक भिम बहादुर बुढाथोकी मगरले यस कार्यालयमा निवेदन दिएको हुँदा माग बमोजिम जग्गा निजकै हकभोग भित्रको हो वा होइन ? निजले यस कार्यालयमा मिसिलसाथ पेश गरेको सक्कलै जग्गाधनी प्रमाणपूर्जा अनुसार बेपत्ते टिकाराम बुढाथोकी बिवाह नहुँदै मिति २०३० सालदेखि बेपत्ते रहेको निज बेपत्ते टिकाराम बुढाथोकीका नाममा श्रेस्ता कायम गरिदिँदा अन्य कुनै व्यक्तिको जग्गा पर्छ वा पर्दैन ? उक्त जग्गा मध्ये कुनै सरकारी सार्वजनिक प्रकृतिको हो वा होइन ? हालसम्म निज वा निजका बाबु आमा/पति / पत्नी / छोरा/छोरी नाति/नातिनीले नै उक्त जग्गा भोग चलन गरेका छन्, वा छैनन् ? जग्गाधनीको नाममा उक्त जग्गा कुनै पनि व्यहोराले (राजिनामा/ वकसपत्र/ दानपत्र/ लगायत) बाट हक हस्तान्तरण भएको छ छैन ? माग भए बमोजिम श्रेस्ता कायम गरिदिँदा कसैको हक मेटिन्छ, मेटिदैन ? माथि भनिएको व्यहोरा अनुसारको जग्गा बेपत्ते टिकाराम बुढाथोकीका नाममा श्रेस्ता कायम गर्न मिल्ने वा नमिल्ने ? यदि नमिल्ने भए प्रमाण सहित ३५ दिन भित्र यस कार्यालयमा सम्पर्क गर्न आउनु होला । अन्यथा निवेदकको माग बमोजिम तपशिलको जग्गा श्रेस्ता कायम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपशिलः**

| क्र.सं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल रोपनी/व.मि. | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नरपानी | ९ | २०७ | ०-१४-०-१ | खर | श्रेष्ता कायम |
| २ | नरपानी | ९ | २०८ | ६-१५-२-० | आवादी | श्रेष्ता कायम |

भूमि प्रशासन अधिकृत

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# बाढीपीडितलाई न्यू होराइजनद्वारा ९ लाख १८ हजार सहयोग



बुटवल । भोटेकोसीमा भाद्र १० गते गएको विनाशकारी बाढी तथा पहिरोबाट प्रभावित परिवारको राहत तथा उद्धारका लागि न्यू होराइजन इङ्गलिश बोर्डिङ्ग सेकेण्डरी स्कूल, बुटवल परिवारले ९ लाख १८ हजार ६६० आर्थिक सहयोग गरेको छ ।

कुल सहयोग रकममध्ये विद्यालयको तर्फबाट ५ लाख ५५ हजार ५सय ५५ रुपैयाँ, विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूबाट २ लाख ५२ हजार रुपैयाँ र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्रप्रसाद कसजूबाट एक लाख ११ हजार एक सय ५ रुपैयाँ गरी कुल ९ लाख १८ हजार ६ सय ६० रुपैयाँ मंगलबार प्रधानमन्त्री राहत तथा उद्धार कोषमा जम्मा गरिएको हो ।

विद्यालयका प्राचार्य बासुदेव अर्यालले विपद्को समयमा पीडितको दुःखमा साथ दिनु सबैको सामाजिक दायित्व भएको बताउँदै संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत न्यू होराइजन परिवारले राहत रकम सहयोग गरेको बताए ।

विद्यालयले बाढीका कारण ज्यान गुमाएका नागरिकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ । २०४६ सालमा स्थापना भएको न्यू होराइजन मावि एसईई र एसएलसीमा निरन्तर उत्कृष्ट नतिजाका कारण देशकै अब्बल विद्यालयको परिचय बनाएको छ ।

# प्रेस यूनियन रूपन्देही अध्यक्षमा कल्पना



बुटवल । नेपाल प्रेस युनियन रुपन्देही शाखाको १०औं अधिवेशनबाट कल्पना तिवारीको अध्यक्षमा नयाँ नेतृत्व चयन भएको छ । अध्यक्ष र सचिव बाहेक पदमा निर्विरोध नेतृत्व चयन भएको हो ।

अध्यक्षमा दीपक घिमिरे र कल्पना तिवारीबिच चुनावी प्रतिष्पर्धा भएको थियो । त्यस्तै सचिवमा रामप्रसाद भण्डारी र आचार्य प्रदीपकाबिच चुनावी प्रतिष्पर्धा भएको थियो । यस्तै तीनजना उपाध्यक्षमा रमेश अर्याल, सीता गौतम बराल र तिलक सुवेदी, सचिवमा रामप्रसाद भण्डारी, दुई जना सहसचिवमा बसन्तराज बराल, श्रृष्टी अधिकारी र कोषाध्यक्षमा कल्पना शर्मा चयन भएकी छन् ।

यसैगरी ९ जना सदस्य पदका लागि जम्मा ३ जनाले मात्र उम्मेदवारी दिएका थिए । सन्तकुमार श्रेष्ठ, ज्ञानकुमारी विक र नविन राना सदस्यम चयन भएका निर्वाचन अधिकृत जीवनारायण अधिकारीले बताए । केन्द्रीय पार्षदमा १० जना निर्विरोध चयन भएका छन् ।

# अवैध निकासीमा प्रहरीको कडाइ

स्याङ्जा । जिल्ला प्रहरी कार्यालय स्याङ्जाले अवैध ओसारपसार र निकासीलाई कडाइ गरेको छ । स्थानीय तहलाई बुझाउनु पर्ने निकासी कर तथा राजश्व छली गरी सामान ओसारपसार गर्ने सवारीसाधन चेकजाँचलाई कडाइ गर्दै निगरानी बढाएको छ ।

पछिल्लो समय प्रहरीले निकासी कर नतिरी खसी-बोका, कुखुरा र कवाडी सामान ओसारपसार गरेका बोलेरो जिपलाई नियन्त्रणमा लिएर कारबाही गरेको छ । सस्तो मूल्यमा गाउँघरबाट कृषिजन्य वस्तुको संकलन गरी अवैध निकासी गर्ने व्यवसायीले सरकारलाई बुझाउनुपर्ने कर तथा राजस्व नबुझाएको उजुरीका आधारमा प्रहरीले सवारी चेकजाँच र निकासीमा कडाइ गरेको हो । बिरुवा गाउँपालिका-४ बाँहुदेखि जिल्ला सदरमुकामतर्फ आउँदै गरेको ग ३ च ३१८४ नम्बरको बोलेरो जिप चेकजाँच गरी प्रहरीले नियन्त्रणमा लिएको छ । चेकजाँचका क्रममा स्थानीय तहलाई बुझाउनुपर्ने निकासी कर नतिरी ३२ वटा खसी-बोका अवैध ओसारपसार गरिरहेको भेटिएपछि प्रहरीले जीप नियन्त्रणमा लिएको थियो ।

त्यस्तै बिरुवाको बेलबारीबाट स्याङ्जा सदरमुकामतर्फ हिडेको ना ३ च ७२४३ नम्बरको बलेरो जीप चेकजाँच गर्दा निकासी कर नतिरी कवाडी सामान ओसारपसार गरेको पाइएको प्रहरीले जनाएको छ । अवैध सामान निकासी गर्ने जीप नियन्त्रणमा लिएर कानुनी कारबाहीका लागि बिरुवा गाउँपालिकामा बुझाएको स्याङ्जाका प्रहरी नायव उपरिक्षक रमेश दत्त अवस्थीले जनाए ।

कानुनी कारबाहीका लागि जिपलाई गाउँपालिकामा बुझाएकोमा गाउँपालिकाले खसी-बोका अवैध निकासी गर्ने जीपधनीलाई पाँच हजार छ सय रुपैयाँ जरिवाना गरी छाडेको जनाएको छ । त्यस्तै कवाडी सामान अवैध ओसारपसार गर्ने जिपधनीलाई तीन हजार रुपैयाँ जरिवाना गरी छाडिएको गाउँपालिकाले जनाएको छ । प्रहरीले खसी-बोका र कवाडीका सामान निकास गर्ने सवारीसाधनलाई कडाइ गरेकै समयमा बोइलर कुखुरा ओसारपसारमा समेत निगरानी बढाएको छ । पुतलीबजार र बिरुवाको सिमाना क्षेत्र कटहरेबाट १५० बोइलर कुखुरा अवैध निकासी गरिरहेको बा १ ज २८४९ नम्बरको जिप नियन्त्रणमा लिएर एक हजार ५५० रुपैयाँ जरिवान गरेर छाडेको प्रहरीले जनाएको छ ।

स्थानीय वस्तु निकासी गर्दा स्थानीय तहलाई बुझाउनुपर्ने कर तथा राजस्व दाखिला गर्न प्रहरीले व्यवसायीलाई आग्रह गरेको छ । कर दाखिला नगर्ने र भेटेरीनरी प्रमाण विना कुखुर अवैध निकासी गरे थप कडाइ गरिने प्रहरीले जनाएको छ । वस्तु निकासी र कुखुरा ओसारपसारमा लाग्ने कर तथा राजस्व असुलीमा स्थानीय तहलाई सहजीकरण गरिदिन व्यवसायीले आग्रह गरेका छन् ।

# जनउत्थान सामुदायिक लघुवित्तद्वारा ४ लाख सहयोग



बुटवल । हालै रसुवा जिल्लाको भोटेकोसी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकहरूको राहत, उद्धार तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडले रु. ४ लाख आर्थिक सहयोग गरेको छ ।

संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट प्रदान गरिएको रकमको चेक संस्थाका अध्यक्ष डा.मानबहादुर बीके, सञ्चालकद्वय यज्ञविक्रम शाही र गुरुराज बरालले नेपाल सरकार महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयका सचिव श्री कृष्णबहादुर राउतलाई हस्तान्तरण गरेका हुन् । सोही अवसरमा उनीहरुले माननीय मन्त्री सीता बादीज्यूलाई भेटी रकम हस्तान्तरणका साथै थप राहत संकलन गर्ने संस्थाको योजना बारे जानकारी गराए ।

विपद्को यस कठिन घडीमा बाढीबाट प्रभावित नागरिकहरूको राहत, उद्धार तथा पुनर्स्थापनाका लागि राज्यद्वारा सञ्चालन भइरहेका प्रयासमा संस्थाको तर्फबाट समेत सहयोग पुऱ्याउने उद्देश्यले उक्त आर्थिक सहयोग गरिएको संस्थाका अध्यक्ष डा.मानबहादुर बीकेले बताए ।

यसै सन्दर्भमा संस्थाले बाढी प्रभावितहरूको सहयोगार्थ आफ्ना कर्मचारीहरूको एक दिन बराबरको तलब तथा भत्ता उपलब्ध गराउने निर्णय समेत गरेको छ । साथै, संस्थासँग आबद्ध सदस्य तथा उनीहरूका परिवार प्रभावित भए/नभएको पहिचान गर्न आवश्यक तथ्यांक संकलन गर्ने, प्रभावित व्यक्तिको खोज तथा उद्धारमा सहजीकरण गर्ने र स्वेच्छिक रूपमा राहत रकम वा जिन्सी सहयोग गर्न चाहने सदस्यहरूबाट सम्बन्धित शाखा मार्फत सहयोग संकलन गरी प्रभावित क्षेत्रमा पुऱ्याउने व्यवस्था मिलाइएको छ ।

यसै क्रममा बाढीमा परी ज्यान गुमाउने सम्पूर्ण मृतकप्रति संस्थाले हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गरेको छ ।

संस्थाले आफ्नो रणनीतिक योजनाअन्तर्गत विपद् व्यवस्थापन तथा सामाजिक उत्तरदायित्व सम्बन्धी जनचेतनामूलक कार्यक्रम समुदायस्तरमा सञ्चालन गर्दै आइरहेको छ । विगतमा समेत विपद्को समयमा आर्थिक तथा जिन्सी राहत सहयोग प्रदान गर्दै आएको संस्थाले आगामी दिनमा पनि यस्ता सामाजिक तथा मानवीय कार्यलाई निरन्तरता दिने संस्थाका का.मु.प्रमुख कार्यकारी अधिकृत इन्द्र बरालीले जनाए ।

स्वाधीन अर्थतन्त्रका लागि समावेशी वित्तीय प्रणालीको निर्माण भन्ने मुख्य अभियानका साथ २०६७ सालमा स्थापित यस संस्थाले वित्तीय सेवाको पहुँचबाट वञ्चित रहेका विपन्न, समाजमा पछाडि परेका र पारीएका समुदायमा सामुदायिक वित्तीय सेवा पुऱ्याउने र समुदायमा रहेको रैथाने सीप तथा पेशालाई लक्षित गरी लगानी प्रवर्द्धन गर्दै आइरहेको छ । संस्थाले जलवायु परिवर्तनलाई लक्षित गरी स्थापनाकालदेखि नै हरित लगानीलाई प्राथमिकता दिँदै आएको छ । हाल पर्सादेखि कञ्चनपुरसम्मका तराईका ११ वटा जिल्लाहरु र सोही जिल्लाहरुसँग जोडिएका पहाडका ८ वटा जिल्लाहरु गरी जम्मा १९ वटा जिल्लामा ३९ वटा शाखा कार्यालयहरुमार्फत् करिव ३७ हजार सदस्यहरुलाई संस्थामा आबद्ध गरी सामुदायिक वित्तीय सेवा पुऱ्याइरहेको छ । संस्थाको केन्द्रीय कार्यालय बुटवल उप-महानगरपालिका वडा नं. १० मा रहेको छ ।

# गृहमन्त्रीको काम टनेल खोस्रेर बस्ने होइन : सांसद सुवेदी

बुटवल । नेपाली कम्युनिस्ट पार्टी(नेकपा)का सांसद झक्कुप्रसाद सुवेदीले विपद्को समयमा गृहमन्त्री सुधान गुरुङको दायित्व र जिम्मेवार महत्वपूर्ण रहेको बताएका छन् । तर, गृहमन्त्री गुरुङ जिम्मेवारी पूरा गर्न जे गर्नुपर्ने हो त्यसतर्फ कम ध्यान दिएको उनको टिप्पणी छ ।

राष्ट्रिय सभाको बैठकमा विशेष समयमा बोल्दै उनले यस्तो टिप्पणी गरेका हुन् । यतिबेला सशस्त्र प्रहरी जनपथ प्रहरीहरू स्रोतसाधनविहीन भएका छन्, भन्ने जानकारी हामीलाई छ', सांसद सुवेदीले भने-'गृहमन्त्रीज्यू टनेल खोस्रेर बस्ने होइन् । सुरक्षा निकायसँग समन्वय गर्ने, विदेशी संघसंस्थासँग सहकार्य गर्ने राहत सामग्री वितरणलाई प्रभावकारी बनाउने हो सरकारको काम हो । यसमा पनि मुख्यतः गृहमन्त्रीको काम हो ।'

सांसद सुवेदीले घाइतेको उपचारलाई उच्च प्राथमिकता दिन र घरवारविहीनहरूको राम्रो व्यवस्थापन गर्न सरकारसँग आग्रह गरे ।

'सरकार सोसल मिडिया र समाचारमा जति चर्चामा छ । तर, फिल्डमा सरकारको उपस्थिति कमजोर देखिन्छ ।'- उनले भने । सांसद सुवेदीले विपद्को समयमा तीन तहको सरकारले मिलेर समन्वयमा काम गर्नुपर्ने आग्रह गरे । 'देशमा तीन प्रकारका सरकार छन् । तर संघ सरकारले प्रदेश सरकार र स्थानीय सरकारलाई विपक्षी दलको जस्तै व्यवहार गरेको हामीमाझ जानकारी आएको छ । संघ सरकारले त्यस्तो नगरोस् ।'- सुवेदीले भने । २०७२ सालको विनाशकारी भूकम्प, कोरोना भाइरस कोभिड १९ को महामारी र मधेशलगायत विगतमा गएका ठूला बाढी र पहिरोको समयमा राजनीतिक दलहरू र सबै नागरिक संघसंस्थले मिलेर काम गरेको उनले स्मरण गरे । अहिले पनि त्यस्तै सहकार्य आवश्यक रहेको बताए ।

## ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.

### गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्ने ३५ दिने शिलबन्दी बोलपत्र

(सूचना प्रकाशित मिति २०८३/०५/१७)

यस ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.को नाममा भूमि प्रशासन कार्यालय परासी, नवलपरासी ब.सु.प मा दर्ता श्रेस्ता कायम रहेको तपशिल बमोजिमको गैर बैंकिङ्ग सम्पत्ति (घर/जग्गाहरु) जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना मार्फत आह्वान गरिन्छ ।

**तपशिल :**

यस संस्थाको नाममा दर्ता कायम रहेको गैर बैकिङ सम्पतिको विवरण

| क्र.सं. | सम्पति रहेको ठेगाना | वडा नं. र नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | साविक : तिलकपुर गा.वि.स<br>हाल : सरावल गा.पा वडा नं. २ | ८ | ५९१ | ०-०-१३-० बिघा |
| २ | साविक : तिलकपुर गा.वि.स<br>हाल : सरावल गा.पा वडा नं. २ | ८ | ५८५ | ०-२-४-० बिघा |
| ३ | साविक : जहदा गा.वि.स<br>हाल : बर्दघाट न.पा वडा नं. ११ | ४।ख | ४७८ | ०-४-१४-० बिघा |
| ४ | साविक : माकर गा.वि.स<br>हाल : बर्दघाट न.पा वडा नं. ७ | ७।घ | २८१ | ०-०-७-० विघा |
| ५ | साविक : दाउन्नेदेवी गा.वि.स<br>हाल : बर्दघाट न.पा वडा नं. १४ | ८।ख | ३६४ | ०-०-११-१ बिघा |
| ६ | साविक : तिलकपुर गा.वि.स<br>हाल : बर्दघाट न.पा वडा नं. १० | ३।ग | १३७८ | ०-०-११-२ बिघा |
| ७ | साविक : तिलकपुर गा.वि.स<br>हाल : बर्दघाट न.पा वडा नं. १० | ३।ग | १३८२ | ०-०-११-२ बिघा |
| ८ | साविक : माकर गा.वि.स<br>हाल : बर्दघाट न.पा वडा नं. ७ | ७।च | ८० | ०-२-० बिघा |

**शर्तहरु**

१. शिलबन्दी बोलपत्र आवेदन फारम यस संस्थाको केन्द्रीय कार्यालय, जिमिरेभारबाट रु.१०००/-(अक्षेरुपि एक हजार रुपैया मात्र ) (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
२. माथि उल्लेखित सम्पत्ति निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै यस संस्थाको केन्द्रिय कार्यलयमा कार्यलय समय भित्र सम्पर्क राखी जेजस्तो अवस्थामा छ, सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोहि अवस्था वा परिमाणमा स्विकार गरी लिनुपर्नेछ ।
३. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफ्नो लिन चाहेको अचल सम्पतिको विवरण यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ । उल्लेखित अचल सम्पतिको स्पष्ट विवरण उल्लेख गरी सोको मूल्य अंक र अक्षरमा भर्नुपर्ने छ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ । बोलपत्रमा उल्लेख भएका विषय बाहेक अन्य कुनै शर्त राखी बोलपत्र पेस गरेमा त्यस्तो बोलपत्र स्वतः रद्ध हुनेछ ।
४. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप संस्थामा नगद जम्मा वा संस्थाको नाममा रहेको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिन भित्र सम्पूर्ण रकम बुझाई सकार गरेको सम्पति आफ्नो नाममा नामसारी गरि लिनुपर्ने छ । सो म्यादभित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ । नामसारी गर्दा लाग्ने दस्तुर ,पूँजीगत लाभकर, पानी, बत्ती, बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्ने छ ।
६. बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
७. रीत नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ ।
८. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने लगायत लिलाम सम्बन्धि सम्पूर्ण कार्य गर्ने अधिकार संस्थामा निहित हुनेछ ।
९. सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बोलपत्र पेस गर्नुपर्नेछ । उक्त दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र पेस गर्न सकिनेछ ।
१०. प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएको कारण बोलपत्र खोल्न संस्थालाई बाधा पर्ने छैन ।

**शिलबन्दी बोलपत्र बुझाउने स्थान : संस्थाको केन्द्रिय कार्यलय बर्दघाट-७ जिमिरेभार नवलपरासी ब.सु.प ,**

**शिलबन्दी बोलपत्र बुझाउने अन्तिम मिति : २०८३/०६/२१ गते**

**शिलबन्दी बोलपत्र खोलिने**

**मिति, स्थान र समयः २०८३/०६/२२ गते संस्थाको केन्द्रिय कार्यलयमा, बिहान ११ बजे**

## सूचना ! सूचना !! सूचना !!!

रुपन्देही जिल्ला साविक बुटवल उपमहानगरपालिका वडा नं. ०३ स्थायी ठेगाना भएका भारतीय पेन्सनर हरि बहादुर राना (आर्मी नं. 5447196M, रेङ्क NK, 3/5 GR) को पेन्सनर रहेकोमा आफ्नो पत्नीको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर हुम कुमारी राना, जन्ममिति वि.सं. २०२२/०८/१४ (ई.सं. १९६५-११-२९) उल्लेख भएको र भारत सरकारले वितरण गरेको पेन्सनपट्टा (पेन्सन अभिलेख) मा पत्नीको नाम थर ओम कुमारी राना, जन्ममिति ई.सं. १९६५-०८-१५ उल्लेख भई पत्नीको नाम थर र जन्ममिति फरक पर्न गएको भए तापनि ती व्यक्ति एउटै (एकै व्यक्ति) हुन । यस्तै प्रकारको नाम थर र जन्ममिति भएको व्यक्ति कोही भएमा सम्बन्धित निकाय जस्तैः वडा कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला निर्वाचन कार्यालयमा दाबी विरोध गर्न सकिने भएकाले यो सूचना जारी गरिएको छ ।



हरि बहादुर राना



हुम कुमारी राना (ओम कुमारी राना)

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस !
आइडिया
डिजाइनर्स/
अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com